**प्रशासन**, सार्वजनिक प्रशासन सम्बन्धी पत्रिका
वर्ष ३८, अंक २, पूर्णाङ्क १०५, फाल्गुण २०६३

# नयाँ नेपाल निर्माणका लागि साझा आर्थिक चिन्तन



✍ विद्याधर मल्लिक*

१. एक दशक भन्दा लामो सशस्त्र द्वन्द्वले १३,००० भन्दा बढी नेपालीहरूको ज्यान लिएपछि २०६२।६३ को जन आन्दोलन भाग–२ ले नेपालमा लोकतन्त्र, शान्ति र समुन्नतिको आशा जगाएको छ। सात राजनैतिक दल र नेकपा माओवादी बीच भएको चरणवद्ध शान्तिवार्ता र सो को निष्कर्ष स्वरुप २०६३ मंसीर ५ गते जारी भएको विस्तृत शान्ति सम्झौता तथा २०६३ माघ १ गते जारी भएको नेपालको अन्तरिम संविधान, २०६३ ले द्वन्द्वको शान्तिपूर्ण एवं स्थायी राजनैतिक निकासकालागि राज्यको समावेशी, लोकतान्त्रिक, संघीय (संविधान संशोधनकालागि प्रस्तावित) र अग्रगामी पुनर्संरचना गर्ने निधोका साथ संविधानसभाको निर्वाचन गर्ने प्रण गरेको छ।

## २. शान्ति सम्झौतामा उल्लेख भएका निर्देशक सिद्धान्तहरू :

विस्तृत शान्ति सम्झौतामा साझा विकास अवधारणा निर्माण गर्ने कुराको उल्लेख भएको छ र आर्थिक सामाजिक रुपान्तरण बारे मूलतः निम्न निर्देशक सिद्धान्तहरूको उल्लेख भएको छ।

(क) सामन्तबादका सवै रुपहरूको अन्त्य गर्ने,
(ख) सामन्ती भूस्वामित्वको अन्त्य गर्दै बैज्ञानिक भूमिसुधार कार्यक्रम लागू गर्ने,
(ग) राष्ट्रिय उद्योग धन्दा र साधन श्रोतको संरक्षण र प्रवर्द्धन गर्ने,
(घ) शिक्षा, स्वास्थ्य, आवास, रोजगारी र खाद्य सुरक्षामा सवै नागरिकको अधिकार स्थापित गर्ने,
(ङ) आर्थिक तथा सामाजिकरुपले पछाडि परेका वर्गलाई जग्गा लगायत आर्थिक एवं सामाजिक सुरक्षाको व्यवस्था गर्ने,
(च) भ्रष्टाचारी उपर कडा कार्वाही गरी दण्डित गर्ने,
(छ) आर्थिक तथा सामाजिक रुपान्तरण एवं न्यायका साथै देशलाई छिटो समुन्नत र आर्थिक रुपले समृद्धशाली बनाउने, र
(ज) श्रमिकका पेशागत अधिकारको सुनिश्चितता गर्दै उद्योगधन्दा, ब्यापार, निर्यात प्रवर्द्धन आदिको लागि लगानी बृद्धि गरी रोजगारी एवं आय आर्जनका अवसरहरूको ब्यापक बृद्धि गर्ने।

## ३. नेपालको अन्तरिम संविधान, २०६३ मा उल्लेख भएका नीतिहरू

यसैगरी नेपालको अन्तरिम संविधान, २०६३ को भाग–४ राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरू अन्तर्गत धारा ३३ “राज्यको दायित्व”मा उपरोक्त सिद्धान्तहरूको उल्लेख हुनुका साथै धारा ३४ “राज्यका निर्देशक

* सचिव, अर्थ मन्त्रालय।

सिद्धान्तहरू" अन्तर्गत राज्यको मूलभूत आर्थिक उद्देश्यबारे उल्लेख भएको छ र धारा ३५ "राज्यका नीतिहरू"मा मूलतः निम्न आर्थिक र विकास नीतिहरू बारे उल्लेख भएको छ :–

**(क) राज्यको मूलभूत आर्थिक उद्देश्य**

देशमा उपलब्ध आर्थिक श्रोत र साधनलाई सिमित व्यक्तिहरूमा केन्द्रित हुन नदिई सामाजिक न्यायको आधारमा आर्थिक उपलब्धिको न्यायोचित वितरणको व्यवस्था मिलाई कुनै पनि जाति, लिङ्ग, वर्ग, उत्पत्ति वा व्यक्ति उपर आर्थिक शोषण हुन नपाउने व्यवस्था गरी आर्थिक असमानता हटाउदै स्वदेशी निजी एवं सार्वजनिक उद्यमलाई प्राथमिकता र प्रश्रय दिई राष्ट्रिय अर्थतन्त्रलाई स्वतन्त्र, आत्मनिर्भर एवं उन्नतिशील गराउनु राज्यको मुलभूत आर्थिक उद्देश्य हुनेछ।

**(ख) राज्यको (आर्थिक र विकास सम्बन्धी) नीतिहरू**

(अ) देशको सन्तुलित विकासकालागि आर्थिक लगानीको न्यायोचित वितरण गरी सबै क्षेत्रका जनताको शिक्षा, स्वास्थ्य, यातायात, आवास र रोजगारी जस्ता आधारभूत कुराहरूको विकास गरी जनसाधारणको जीवनस्तर वृद्धि गर्ने नीति राज्यले अवलम्बन गर्नेछ।

(आ) सरकारी, सहकारिता र निजी क्षेत्रको माध्यमबाट मुलुकमा अर्थतन्त्रको विकास गर्ने नीति राज्यले अवलम्बन गर्नेछ।

(इ) राष्ट्रिय हित अनुकूल उपयोगी एवं लाभदायक रुपमा देशको प्राकृतिक श्रोत तथा सम्पदाको परिचालन गर्दा स्थानीय समुदायलाई प्राथमिकता दिइने नीति राज्यले अवलम्बन गर्नेछ।

(ई) राज्यले किसानलाई प्रोत्साहन गरी कृषि क्षेत्रमा उत्पादकत्व बढाई कृषिमा आधारित अधिकांश जनताको आर्थिक उन्नति हुने अवस्थाहरूको सिर्जना गरी कृषिलाई उद्योगको रुपमा विकास गर्नेछ।

(उ) देशको मुख्य सामाजिक आर्थिक शक्तिको रुपमा रहेको श्रमशक्तिलाई रोजगार उपलब्ध गराई काम पाउने अधिकार सुनिश्चित गरी उनीहरूको हक र हितको संरक्षण गर्दै उद्यमको व्यवस्थापनमा सहभागिता बढाउने नीति राज्यले अवलम्बन गर्नेछ।

(ऊ) शिक्षा, स्वास्थ्य, आवास, खाद्य सम्प्रभुता र रोजगारीमा निश्चित समयका लागि आरक्षणको व्यवस्था गरी आर्थिक तथा सामाजिक रुपले पिछडिएका आदिवासी जनजाति, मधेशी, दलित, लगायत सीमान्तकृत समुदाय तथा गरिबीको रेखामुनीका मजदुर किसानको उत्थान गर्ने नीति राज्यले अवलम्बन गर्नेछ।

(ए) राष्ट्रिय विकासको लागि स्वदेशी लगानीलाई प्राथमिकता दिई देशमा बैदेशिक पूँजी र प्रविधिलाई आकर्षित गर्ने नीति राज्यले अवलम्बन गर्नेछ।

(ऐ) वहुसंख्यक ग्रामीण जनताको हितलाई ध्यानमा राखी ग्रामीण विकासको गतिलाई तीव्रतर बनाउदै लैजाने नीति राज्यले अवलम्बन गर्नेछ।

(ओ) राज्यले महिला, दलित, आदिवासी, जनजाति, मधेशी, मुस्लिम लगायत अल्पसंख्यक, भूमिहिन, सुकुम्वासी, कमैया, अपाङ्ग, पिछडिएका क्षेत्र तथा समुदाय र द्वन्द्व पीडितका लागि सकारात्मक विभेदका आधारमा विशेष व्यवस्था गर्ने नीति अवलम्बन गर्नेछ।

(औ) किसान, मजदुर लगायत श्रममा आश्रित वर्गको विकासको लागि प्राविधिक शिक्षा, तालीम, प्रशिक्षणको आवश्यक पूर्वाधारको व्यवस्था गरी उनीहरूलाई राज्यको विकास प्रक्रियामा सहभागी गराउने नीति राज्यले अवलम्बन गर्नेछ।

(अं) मुलुकमा विद्यमान परम्परागत ज्ञान, सीप र अभ्यासको पहिचान र संरक्षण गर्दै त्यसलाई आधुनिकीकरण गर्ने नीति राज्यले अवलम्बन गर्नेछ।

(अः) देशको विकासमा युवा जनशक्तिलाई परिचालन गर्न राज्यले विशेष नीति अवलम्वन गर्नेछ।

## ४. स्थिर राजनीतिकालागि आर्थिक बृद्धि :

उपरोक्त निर्देशक सिद्धान्तहरू एवं राज्यको विकास तथा आर्थिक नीतिहरूका आधारमा सात राजनीतिक दलहरू र नेकपा माओवादी तथा नेपालको समावेशी आर्थिक विकासमा चासो राख्ने समग्र नागरिक समाजले नयाँ नेपालको निर्माणका लागि साझा आर्थिक चिन्तनमा जोड दिनु पर्ने देखिन्छ । आर्थिक समुन्नति बारे आ–आफ्नो विविध सोचहरू तथा अर्थ राजनीतिक चिन्तनहरू बीच साझा अवधारणाहरू पहिल्याउदै एउटा नवीन साझा चिन्तनको विकास गर्नु अहिलेको समयको माग हो । मुलुकले राजनीतिक स्थिरताको बाटो लिंदै गएपछि द्वन्द्वबाट क्षतिग्रस्त भौतिक र आर्थिक संरचनाहरूको पुनः स्थापना र पुनःनिर्माण एवं तीव्र आर्थिक विकासद्वारा नेपालको हराएको दशक (Lost Decade) (वा हराएका दशकहरू) को क्षतिपूर्ति गरी समुन्नत, समतामूलक र समावेशी नयाँ नेपालको निर्माण गरी स्थिर राजनीति र स्थिर अग्रगामी अर्थनीतिको दोहोरो फाइदा नेपालीकालागि उपलब्ध गराउनु आजको चुनौति हो ।

## ५. चुनौती र सम्भावनाको समय :

दशकौं देखि कार्पेटमुनि लुकाएर थन्क्याइएका समस्याहरू आज एक एक गरी उजागर हुँदैछन् र अहिलेको जीवन्त पुस्ताकालागि सामना गर्नु पर्ने चुनौतीहरू थपिदै छन् । विकासको अधिकार (Right to Development) स्थापित हुँदै गएको छ । द्वन्द्वको सकारात्मक पक्षका रुपमा हेर्न सकिने बढ्दो जनचेतना र उर्लदो जनआकांक्षालाई समयमै नव नेपाल निर्माणकालागि सकारात्मक ऊर्जामा घनीभूत गरी प्रत्येक नेपालीको अधिकतम क्षमताको विकासद्वारा तीव्र आर्थिक वृद्धि र "सवैकालागि समुन्नति (Prosperity for all)" हासिल गर्न सकिन्छ । अहिलेको सम्भावनै सम्भावनाले युक्त खुला समयमा (Open moment) सबै नेपालीलाई समावेश गर्न सकिने गरी सकारात्मक सोचको ऊर्जा व्यवस्थापन गर्न हामी चुक्यौं भने र आर्थिक विकासको साझा चिन्तनको चौतारीमा सबैलाई समेट्न सकेनौं भने हालै असंख्य शहीदहरूको बलिदानले प्राप्त स्वतन्त्रता, स्वाभिमान एवं राजनीतिक सफलताको ऊचाइमा पनि निराशा, अकर्मण्यता तथा विपन्नताको खाडलले छिटै धमिरा लगाउन सक्ने जोखिम पनि उत्तिकै छ ।

## ६. साझा आर्थिक चिन्तनको आवश्यकता :

साझा आर्थिक चिन्तनको चौवाटोमा आम नेपालीलाई र खास गरी आवाजहीन (Voiceless) सीमान्त नागरिकहरूलाई विकासको अधिकारको प्रत्याभूतिद्वारा आश्वस्त तुल्याउदै एउटै चौतारीमा निम्त्याउन नसकिने चाहि होइन । अहिले देखिएको राजनीतिक ताप (Political Heat), जातीय, क्षेत्रिय, लैंगिक, भाषिक वा अन्य प्रकारका उत्पीडन विरुद्धका आवाज, मानवोचित जीवनयापनको आकांक्षा वा रोजगारीको हकको माग जस्ता सबै कुराहरूको निदान राजनीतिक हकहरूको स्थापनाले मात्र हुन सक्दैन । ठोस, मूर्त तथा देख्न सकिने आर्थिक नतिजाहरूद्वारा मात्र आश्वस्त र विश्वस्त तुल्याउन सकिन्छ र राजनीतिक ताप घटाई समग्र विकासमा जनताको ऊर्जालाई केन्द्रित गर्न सकिन्छ । साझा आर्थिक चिन्तनको चौतारीमा जनताका यावत् समस्या, तिनका निदान, समुदायको शक्तिको पहिचान, जनताको आकांक्षाहरूको पहिचान, आन्तरिक र वाह्य श्रोतको पहिचान, साधनको सर्वोत्तम परिचालनका उपायहरू बारे बहस, उत्पीडनका मूलहरूको पहिचान, मानवीय संसाधन र जनशक्ति विकास कार्यक्रमहरूको विश्लेषण, रोजगारी मूलक भौतिक संरचनाहरू निर्माण बारे छलफल गर्न सकिन्छ । त्यस्तै समग्र विकास नीति, आर्थिक नीति, मौद्रिक नीति, बैंकिङ्ग नीति, लगानी नीति, श्रम नीति, भूमि नीति, राजश्व नीति, राज्यको संघीय संरचना र विकेन्द्रीकरण नीति, जलश्रोत नीति, पर्यटन नीति, शिक्षा नीति, स्वास्थ्य नीति, कृषि नीति, वन र वातावरण नीति, ध्वस्त भौतिक संरचनाहरूको पुनस्थापना र पुनःनिर्माण कार्यक्रम, तीव्र आर्थिक वृद्धिदर हासिल हुने कार्यक्रमहरू, ठूला जलविद्युत र सडक निर्माण कार्यक्रमहरू तथा दशौं लाख जनतालाई रोजगारी उपलब्ध गराउनसक्ने ग्रामीण पूर्वाधार निर्माण कार्यक्रमहरू बारे छलफल गर्ने, साझा सोच निर्माण गर्ने र अल्पकालीन, मध्यकालीन वा दीर्घकालीन नीति, रणनीतिहरू बारे साझा अवधारणाको निर्माण गर्न सकिन्छ । यस्ता नीति, रणनीति र कार्यक्रमहरू बारे छलफल गर्दा सोबाट हासिल हुने परिणामहरूको पहिचान, सो नतिजाहरूले द्वन्द्वमा पार्ने प्रभावको अग्रिम मूल्यांकन, नतिजामा आधारित व्यवस्थापन माध्यमहरू तथा कार्यान्वयन र अनुगमन मूल्यांकनको उपयुक्त विधिको चयन बारे पनि छलफल हुनु पर्दछ । जनताको चाहना

पूर्तिगर्न जनता कै शक्तिले जनता आफु समावेश भई बनाइएको विकास योजना आफैद्वारा कार्यान्वयन र मूल्यांकन हुने तौरतरिका अपनाइयो भने अर्थ राजनीतिक लक्षहरू हासिल गर्न सजिलो पर्नेछ ।

## ७. नयाँ परिवेशका न्यूनतम मुद्दाहरू :

आर्थिक सामाजिक रुपान्तरणको साझा कार्यक्रम तथा साझा विकास अवधारणाले न्यूनतम रुपमा पनि बृहत शान्ति सम्झौता र नेपालको अन्तरिम संविधानले समेटेको निर्देशक सिद्धान्तहरू एवं आर्थिक नीतिहरूलाई सम्वोधन गर्नु पर्दछ । यसरी सम्वोधन गरिनुपर्ने मूल मुद्दाहरू निम्न छन् :

(क) सामन्तवाद र सामन्ती भूस्वामित्वको अन्त्य

(ख) वैज्ञानिक भूमि सुधार

(ग) लगानी वृद्धिद्वारा रोजगारी वृद्धि तथा उद्योगधन्दाको विकास

(घ) राष्ट्रिय उद्योगधन्दा र साधन श्रोतको संरक्षण

(ङ) अधिकारमा आधारित सामाजिक विकास र सुरक्षाको अवधारणा (Right based Development)

(च) सामाजिक न्याय तथा पिछडिएका वर्गलाई समुचित सुरक्षा

(छ) भ्रष्टाचार नियन्त्रण

(ज) राज्यको समावेशी, लोकतान्त्रिक, संघीय (व्यवस्थापिका–संसद समक्ष संविधान संशोधनकालागि विचाराधीन प्रस्ताव) र अग्रगामी पुनर्संरचना तथा सो को नेपाली अर्थतन्त्रको विकाससँगको अर्न्तसम्वन्ध

## ८. उत्तरको खोजीमा प्रश्नहरू

उपरोक्त मूल मुद्दाहरू समेट्दा निम्न प्रश्नहरू स्पष्ट रुपमा परिभाषित हुनु र मतैक्यता हुनु आवश्यक देखिन्छ :–

- सामन्तवादका सवै रुपहरू भन्नाले के के लाई बुझाउंदछ ?
- सामन्ती भूस्वामित्वले कस्ता अवस्थाहरू समेट्दछ ? उदाहरणको लागि कृषि कार्यमा संलग्न नरहने कृषि योग्य जग्गाको भूस्वामित्व (Absentee Landlords), जग्गा बांझो रहने अवस्था, निश्चित हदवन्दी भन्दा बढीको भूस्वामित्व वा अन्य के के ?
- बैज्ञानिक भूमिसुधार कार्यक्रममा के के समावेश हुनु पर्दछ ? उदाहरणको लागि जग्गाको चकलावन्दी, सहकारीकरण, वाणिज्यीकरण, भूमि बैंक, धितो वा दीर्घकालीन भाडामा दिई/लिई कम्पनीहरूद्वारा आधुनिक कृषि प्रणालीको प्रयोग तथा कृषि मजदुरहरूको उपयोग, खेतीमा संलग्न नरहने (Absentee) व्यक्तिहरूलाई जग्गा बेच्न प्रोत्साहन वा राज्यद्वारा जग्गा संकलन गरी भूमिहीनलाई वितरण वा अरु के के ? भूमिमाथि निर्भरता घटाउदै लगी भूमिहिनहरूलाई यथोचित मानवीय विकासद्धारा उद्योग वा सेवा क्षेत्रमा प्रोत्साहित गर्ने वा भूमिमा निर्भरता कायम राख्ने ?
- राष्ट्रिय उद्योगधन्दा र साधनश्रोतको संरक्षण र प्रवर्द्धनले के के कुरा समेट्दछ ? उदाहरणको लागि उद्योगधन्दा, ब्यापार, निर्यात प्रवर्धनको लागि गरिने वैदेशिक लगानीको सहभागितालाई इंगित गर्छ गर्दैन ? लगानी प्रोत्साहनका लागि आवश्यक पर्ने बजार ब्यवस्था, मौद्रिक ब्यवस्था, आर्थिक नीति, कानूनी संरचना, लचिलो श्रमनीति, विश्व ब्यापार संगठन (WTO) र यस्तै अन्य अर्न्तराष्ट्रिय संरचनाहरूले गरेको मार्गदर्शन, विश्व बजारमा नेपालको प्रतिस्पर्धात्मक अवस्था र तुलनात्मक लाभको क्षेत्र जस्ता विषयमा मतैक्यता हुन सक्छ सक्दैन ? खूला बजार र प्रतिस्पर्धाले गुणात्मक विकासका साथै उपभोक्ताको हित गदर्छ भन्ने विषयमा साझा सोच कसरी कायम हुन सक्दछ ? कुन कुन क्षेत्रमा अझै संरक्षणको आवश्यकता छ र कुन कुन क्षेत्र खोल्दै जाने हो ? सरकारको भूमिका के र कतिसम्म हुने हो ? उदारीकरण र निजीकरण बारे न्यूनतम् साझा कार्यक्रम के हुन सक्दछ ?
- नेपालको तुलनात्मक लाभ रहेका क्षेत्रहरू खास गरी जलविद्युत, पर्यटन, शिक्षा, स्वास्थ्य एवं अन्य सेवा क्षेत्र तथा जनशक्तिको अधिकतम उपयोग हुने उद्योगधन्दाको क्षेत्रको विकास बारे साझा चिन्तन के हुन सक्छ ? वैदेशिक लगानी निम्त्याई यी क्षेत्रहरूको विकासद्धारा छिमेकी मुलुकहरूको बजारमा निर्यात गर्दा तीव्र आर्थिक विकासको सम्भावना बारे न्यूनमत् साझा अवधारण के हुन सक्दछ ? ब्यवहारिक मतैक्यता कायम हुन सक्यो

भने राजनीतिकरणबाट टाढा रहन सकिन्छ, स्थिर नीतिको लाभ प्राप्त गर्न सकिन्छ र ब्यापार वार्तामा हाम्रो पक्षले अधिकतम लाभ प्राप्त गर्न सजिलो पनि हुन्छ, तर त्यसका लागि साझा सोचका बुंदाहरू के के हुन सक्छन् ? स्पष्ट हुनु आवश्यक देखिन्छ ।

- अधिकारमा आधारित विकास (Rights based or Entitlememt based Development) को अवधारणा अर्न्तगत राज्यले तात्कालिक, मध्यकालीन तथा दीर्घकालीन रुपमा कुन कुन क्षेत्रहरू समेट्न सक्दछ ? आवश्यक साधन श्रोतको परिचालन कसरी हुन सक्दछ ? समग्र आर्थिक सन्तुलन (Macroeconomic balance) मा धेरै ब्यवधान आउन नदिईकन शिक्षा, स्वास्थ्य, आवास, रोजगारी र खाद्य सुरक्षाको उपलब्धिमा अधिकाधिक बृद्धि कसरी ल्याउन सकिन्छ ? पछाडि परेका वर्गीय, जातीय, भाषिक, लैंगिक वा क्षेत्रीय समुदायहरूको सामाजिक र आर्थिक विकासमा पहुंच कसरी बढाउन सकिन्छ ? साधन श्रोतको बांडफांड, ब्यवस्थापन र उपलब्धिमा पिछडिएका वर्गको नियन्त्रण कसरी बढाउन सकिन्छ ? सेवा प्रवाहको गुणस्तर र सोबाट हुने लाभ वा ग्राह्यता कसरी बढाउन सकिन्छ ? संस्थागत र संरचनागत सुधार / परिवर्तनका बाटाहरू के के हुन सक्छन् ?

- भ्रष्टाचार नियन्त्रणको प्रभावकारी उपायहरू के के हुन सक्छन् ?

  आधुनिक बजार ब्यवस्था, प्रतिष्पर्धात्मक वातावरण र उदार अर्थ ब्यवस्थाको प्रभावकारी नियमनका लागि के कस्ता संरचनागत, कानूनी, नीतिगत एवं नियन्त्रणात्मक संयन्त्रहरूको विकास गरिनु पर्दछ ? केही सीमित ब्यक्तिलाई मात्र अनुचित लाभ लिन नदिई आम उपभोक्ता र सेवाग्राहीले यस्तो प्रतिष्पर्धात्मक बजार ब्यवस्थाको अधिकतम लाभ लिन सकुन् भन्ने हेतुले के के सुधारहरू गरिनु आवश्यक छ ? साथै, तीव्र प्रतिस्पर्धा, असंवेदनशील बजार एवं उदार अर्थ ब्यवस्थाले पछाडी पारेका साना उद्योग धन्दा, समुदाय, वा सीमान्त ब्यक्तिहरूको समुचित सुरक्षा (Safety Nets) र आर्थिक विकासकालागि के कस्ता लक्षित कार्यक्रमहरू वा सामाजिक सुरक्षाका ब्यवस्थाहरू गरिनु पर्दछ ?

- श्रमिकको पेशागत अधिकारको सुनिश्चितता हुने, श्रमप्रति समर्पण भाव बढ्ने किसिमको पारिश्रमिक र सुविधा ब्यवस्था कायम हुने, अधिकाधिक लगानीद्वारा रोजगारीको अवसरमा तीव्र बृद्धि हुने, शीप विकासद्धारा माथिल्लो सोपानमा उक्सिन उत्प्रेरणा हुने र ब्यवस्थापनले उद्योगको आवश्यकता र श्रमिकको उपलब्धिको आधारमा लचिलो र सजिलोसंगले उद्योग संचालन गर्न सक्ने वातावरण कायम हुने प्रकृतिको लगानी–मैत्री “श्रम नीति” मा मतैक्यताका आधार के हुन सक्छन् ?

- राज्यको समावेशी, लोकतान्त्रिक, संघीय (ब्यवस्थापिका संसदको विचाराधीन) र अग्रगामी पुनर्संरचना गर्दा मुलुकको समग्र अर्थतन्त्र, क्षेत्रीय अन्तर्सम्वन्ध र सन्तुलन, जिम्मेवारीको विकेन्द्रीकरण, राजश्व संरचना र सोको बाँडफाँड, साधन श्रोतको बाँडफाँड, केन्द्रीय सरकारको अनुदान वितरण नीति, स्थानीय, क्षेत्रीय वा राष्ट्रिय प्रकृतिका आयोजनाहरूको ब्यवस्थापन एवं समग्र आर्थिक, सामाजिक वा सांस्कृतिक विकासको कार्यसूचीमा जिम्मेवारीको बाँडफाँड बारे स्पष्ट ब्यवस्था के के हुनु पर्दछ ? के के गर्दा आर्थिक विकासको कार्यमा सबै जनता समावेश हुन सक्दछन् र विकासको प्रतिफल समानुपातिक रुपमा सबै जनतामा पुग्न सक्दछ ? पिछडिएको क्षेत्र, वर्ग, जाति वा समुदायको उत्थानकालागि के के विशेष आरक्षण वा कार्यक्रमहरूमा ध्यान पुऱ्याइनु पर्दछ ? भौगोलिक, सामाजिक, सांस्कृतिक वा राजनीतिक दृष्टिकोणका अतिरिक्त आर्थिक रुपले एवं श्रोत साधनको सम्पन्नताको दृष्टिले आत्मनिर्भर प्रान्तीय तथा स्थानीय ईकाईहरूको गठन हुन कुन कुन मूलभूत कुराहरूमा विचार पुऱ्याइनु पर्दछ ?

- उपरोक्त प्रश्नहरू उत्तरित हुन र परिभाषित हुन जरुरी छ । अग्रगामी आर्थिक सामाजिक रुपान्तरणको न्यूनतम् साझा कार्यक्रम र साझा विकास अवधारणा बनाउन आपसी सहमति पहिल्याउदै जानु पर्ने देखिन्छ । यस्तो सहमति तात्कालिन, मध्यकालीन र दीर्घकालीन गरी तीन चरणको अवधारणा निर्माणकालागि आवश्यक पर्नेछ । **<u>पहिलो चरणमा</u>** अन्तरिम सरकार र संविधान सभाको निर्वाचन पश्चात संविधान निर्माणको समयसम्मका लागि तात्कालिक वा ३ वर्षे अवधारण बनाउनु पर्दछ जसमा मूख्यतः पुनःस्थापन, पुनःनिर्माण तथा ग्रामिण संरचनाहरूको निर्माण कार्यक्रम समावेश हुनु जरुरी देखिन्छ । **<u>दोश्रो चरणमा</u>**, नयां संविधान पछि बन्ने सरकारलाई पनि उपयोगी हुने ५-१० वर्षे मध्यकालीन अवधारणा जसमा ठूला लगानीका आयोजनाको निर्माण, तीव्र सामाजिक र आर्थिक विकासका साथै न्यायपूर्ण वितरणद्धारा उच्च आर्थिक बृद्धिदर

हासिल गर्ने कामलाई महत्व दिइनु पर्दछ भने **तेश्रो चरणमा** जनआन्दोलन भाग–२ पश्चात देखिएको अग्रगामी दीर्घकालीन संरचनागत रुपान्तरणको अवसरहरूलाई सम्बोधन गर्न १५-२० वर्षे साझा दीर्घकालीन सोच निर्माण गर्न आवश्यक छ । अहिलेको आठ दलको साझा राजनीतिक शक्तिले तात्कालिक, मध्यकालीन र दीर्धकालीन सोच बारे सहमति वनाउन सक्यो भने स्थिर आर्थिक र सामाजिक संरचना एवं नीतिहरूको निर्माणद्धारा ठूला बैदेशिक लगानी आकर्षण गर्न, मानवीय विकास र शिक्षा, स्वास्थ्यका क्षेत्रमा ठूलो फड्को मारी रोजगारीका अवसरहरूमा तीव्र बृद्धि गर्न र उच्च तर न्यायपूर्ण आर्थिक वृद्धि हासिल गर्न सजिलो पर्नेछ ।

## १०. आर्थिक सामाजिक रुपान्तरणको साझा कार्यक्रम : एक सुझाव

नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी, ने.का. प्रजातान्त्रिक, संयुक्त जनमोर्चा, संयुक्त वाममोर्चा, नेपाल सदभावना पार्टी (आनन्दीदेवी), नेपाल मजदुर किसान पार्टी र व्यवस्थापिका संसदमा रहेका अन्य राजनीतिक दलहरू, नेपाली नागरिक समाज, नेपाली अर्थतन्त्रको विकासमा चासो राख्ने बैदेशिक दातृसंस्थाहरू र आम नेपालीले नयाँ नेपाल निर्माण गर्ने सन्दर्भमा साझा आर्थिक चिन्तन गर्दा निम्नलिखित कार्यक्रमहरू तथा आर्थिक नीतिलाई न्यूनतम साझा विकास अवधारणा तथा आर्थिक सामाजिक रुपान्तरणको साझा कार्यक्रमको रुपमा आफ्नो साझा कार्यसूचीमा राख्न सुझाव दिइएको छ ।

- विकासलाई अधिकारको रुपमा स्थापित गर्दै जाने ।
- पछाडि परेका वर्गिय, जातीय, भाषिक, लैङ्गिक वा क्षेत्रीय समुदायहरूको पहुँच सामाजिक र आर्थिक विकासमा बढाउने तथा साधन श्रोतको बाँडफाँड, व्यवस्थापन र नियन्त्रणमा यी वर्गहरूको अधिकार बढाउने ।
- महिला, दलित, आदिवासी, जनजाति, मधेशी, उत्पीडित, उपेक्षित र अल्पसङ्ख्यक समुदाय, पिछडीएका क्षेत्र, सुकुम्वासी, कमैया, हलिया लगायतका आर्थिक सामाजिक रुपले पछाडि परेका वर्गलाई लक्षित गरी भूमि सुधार कार्यक्रम, सामाजिक सुरक्षाका कार्यक्रम, रोजगारी लगायत आर्थिक सामाजिक रुपान्तरणका विशेष कार्यक्रमहरू (लक्षित समूह उत्थान कार्यक्रम) संचालन गर्ने । यी कार्यक्रमहरू प्याकेज कार्यक्रमको रुपमा संचालन गर्ने र यस्ता कार्यक्रमहरूले शिक्षा, स्वास्थ्य, पोषण, शीप वृद्धि, लघु ऋण, रोजगारी, सामाजिक सशक्तिकरण, राजनीतिक र सामाजिक सवलीकरण, सकारात्मक विभेदद्वारा अवसरहरूमा शीघ्र पहुँच, न्यूनतम जग्गाको उपलब्धि र कानूनी सुधार जस्ता विविध कुराहरू समेट्ने ।
- द्वन्दका बखत ध्वस्त भएको भौतिक, आर्थिक र सामाजिक संरचनाहरूको शीघ्र पुनःस्थापना र पुननिर्माण गर्न जोड दिने । यस्तो पुनःस्थापना र पुननिर्माण गर्दा राज्यका सरकारी भवन र संरचनाहरूको पुनःस्थापनाको सँगसँगै सार्वजनिक र सामुदायिक संरचनाहरू जस्तैः विद्यालय, स्वास्थ्य चौकी, सामुदायिक भवन, बाटोघाटो, पुलपुलेसा, सिंचाई कुलो, विद्युत, संचार, खानेपानी, कलकारखाना र अन्य औद्योगिक प्रतिष्ठानहरूको पुनःनिर्माण र पुनःस्थापना पनि पर्ने ।
- द्वन्दका कारणले विस्थापित व्यक्तिहरू तथा समुदायको वापसी, समाजमा पुनःस्थापना र आर्थिक रुपले उत्पादनशील कार्यहरूमा पुनःस्थापन गर्न विशेष कार्यक्रम संचालन गर्ने । यस्तो पुनःस्थापन कार्यक्रम संचालन गर्दा एकल महिला, बालबालिका, अपाङ्ग, निजी सम्पत्ति ध्वस्त भएका व्यक्ति, युद्धमा मारिएका सैनिक, प्रहरी, माओवादी लडाकु वा नागरिकको आश्रयहीन परिवार र अन्य रुपले विशेष ध्यान दिनुपर्ने व्यक्ति र वर्गका लागि छुट्टै कार्यक्रम बनाई पुनःस्थापन र पुनःएकीकरणमा जोड दिने ।
- भूमिसुधार कार्यक्रम लागू गर्दा समग्रमा उपलब्ध जग्गा जमीन र वितरण गर्न सकिने रुपमा उपलब्ध जग्गा जमीन, कृषिमा आश्रित परिवारलाई आवश्यक पर्ने न्यूनतम जग्गाको सीमा, चकलाबन्दी, जग्गा खण्डीकरणको समस्या, भूमि बैंकहरूको प्रयोग, कृषिको व्यवसायीकरण र जग्गा एकीकरण गरी लिजमा कृषि कार्यका लागि भूमिहीनलाई उपलब्ध गराउन सकिने विकल्प, भौगोलिक क्षेत्रानुसारको जग्गाको हदबन्दी व्यवस्थाको आवश्यकता, वैज्ञानिक भूमि सुधार र आर्थिक सामाजिक व्यवस्था, जग्गामा निर्भर जनसंख्यालाई क्रमिक रुपमा अन्य क्षेत्र (जस्तैः उद्योग, सेवा) मा प्रतिस्थापन गर्दै लानु पर्ने खाँचो जस्ता विविध पक्षहरूको सन्तुलित मूल्याङ्कन गरी उपयुक्त कार्यक्रमहरू चयन गर्ने र यस्ता कार्यक्रमहरू लागू गर्न उपयुक्त कानूनी व्यवस्था, श्रोत साधनको व्यवस्था र क्षतिपूर्तिको व्यवस्था मिलाउने ।

- अधिकांश जनता अझै कृषिमा निर्भर रहेकोले कृषि क्षेत्रलाई व्यवसायीकरण, कृषिलाई आवश्यक सामाग्रीहरू जस्तैः विउ विजन, मल, औजार तथा सिंचाई, प्राविधिक प्रसार, ऋण, बजार, कृषि सडक, गोदाम, शीत भण्डार, सहकारीकरण, भौगोलिक विशिष्टतामा आधारित विशेष उत्पादन कार्यक्रम जस्ता क्षेत्रहरूमा नतिजामूलक कार्यक्रमहरू संचालन गर्ने । कृषिमा भईरहेको लगानीमा उल्लेख्य बृद्धि गर्ने । अति विपन्न वर्ग र सीमान्त किसानहरूको लागि खाद्य सुरक्षाको विशेष व्यवस्था गर्ने ।
- जलविद्युत, सडक, सुरुङ मार्ग, विद्युतीय रेल्वे जस्ता क्षेत्रमा केही ठूला लगानीका Flagship आयोजनाहरू सञ्चालन गर्ने । यस्ता क्षेत्रहरूमा "बनाउ, संचालन गर र हस्तान्तरण गर" (BOT) जस्ता प्रक्रियाबाट प्रतिस्पर्धी र पारदर्शी ढङ्गले विदेशी लगानीकर्ताहरूलाई आकर्षित गर्ने । नेपालमा शान्ति पश्चात आएको स्थायित्व र लगानीको अवसरप्रति आकर्षित भई अहिले ठूला विदेशी लगानीकर्ताहरूले लगानी गर्ने सम्भावना बढेको छ । राष्ट्रहितमा यसलाई प्रयोग गरिनु पर्दछ । हामीले बैदेशिक लगानीको उपयोग गरी खर्बौ खर्बको केही ठूला आयोजना संचालन गर्न सक्यौ भने तीव्र आर्थिक विकास हुने, ठूला संरचनाको निर्माण हुने, धेरैलाई एकैपटक रोजगारीको अवसर मिल्नुका साथै हाम्रो आत्मविश्वासमा ठूलो बृद्धि हुने र हासिल हुने प्रविधि, व्यवस्थापकीय क्षमता र श्रोतको उपयोगद्वारा भविष्यमा आफैले पनि यस्तो ठूला आयोजना संचालन गर्न सकिने हुन्छ ।
- छिटो नतिजा देखिने र धेरैलाई रोजगारी मिल्ने प्रकृतिका ग्रामीण संरचनाहरूको निर्माणमा उल्लेख्य लगानी गर्ने । दातृ संस्थाहरूको सहयोग परिचालन गरी ग्रामीण सडक, सिंचाई, खानेपानी, साना जलविद्युत, पुल पुलेसा, विद्यालय भवन, स्वास्थ्य चौकी भवन, सामुदायिक भवन, ग्रामीण पर्यटन, सामुदायिक वन र कृषि बजार, सामुदायिक गोदाम वा शीतघर जस्ता कृषिसँग सम्बद्ध भौतिक संरचनाहरूको देशव्यापी निर्माण कार्यक्रम संचालन गर्ने ।
- शिक्षा, स्वास्थ्य, खानेपानी, वन, कृषि, साना जलविद्युत, गाविस स्तरका सडक, कुलो वा अन्य भौतिक निर्माण कार्यक्रमहरू समुदाय/उपभोक्ता समूह र गाविस स्तरबाट नै जिम्मेवारी लिने गरी संचालन गर्ने । गाविस तथा जिविस स्तरसम्मका सवै क्षेत्रमा कार्यक्रमको रकम केन्द्रबाट एकमुष्ट अनुदानको रुपमा प्रवाहित गर्ने । क्षेत्रगत मन्त्रालय/कार्यालयहरूले आवश्यक प्राविधिक टेवा र समन्वय गर्ने तर सम्पूर्ण निर्णय प्रक्रियाको अधिकार विकेन्द्रित गर्ने ।
- श्रमिकको पेशागत अधिकारको सुनिश्चितता पनि हुने तर श्रमप्रति समर्पण भाव पनि बढ्ने किसिमको श्रमिकको मेहनतको कदर गर्ने प्रकृतिको प्रतिफलमा आधारित पारिश्रमिक र सुविधा व्यवस्था (Work Incentive) कायम गर्ने, लगानीकर्ताले आवश्यकता र श्रमिकको उपलव्धिको आधारमा श्रमिक भर्ना गर्ने वा अवकाश दिने वा पारिश्रमिक प्रदान गर्न सक्ने गरी लचिलो र सजिलोसँग प्रतिष्ठान संचालन गर्न पाउन लगानी–मैत्री श्रमनीति अपनाउने । लगानी कर्तालाई आश्वस्त पारी लगानीमा ठूलो बृद्धि गराउन सके रोजगारीमा पनि उल्लेख्य वृद्धि आउन सक्दछ र यसको प्रतिफल हाल बेरोजगार रहेका नेपाली नागरिकहरूले पाउने छन् । शुरुमा यस्तो लचिलो तर श्रमिकको सुरक्षा र सम्मानको ग्यारेन्टी सहितको श्रमनीति "विशेष आर्थिक र औद्योगिक क्षेत्रहरू" स्थापना गरी सो मा प्रयोग गर्न सकिन्छ ।
- शान्ति र स्थायित्वसँगै खुलेका अवसरहरूमा वृद्धि ल्याउन स्वदेशी निजी क्षेत्र र विदेशी लगानीकर्ताकालागि प्रतिस्पर्धी, सहज र सरल तथा स्थिर लगानी वातावरण प्रदान गर्ने । यसकालागि समुचित नियमन व्यवस्था मिलाउनुका साथै विश्व वजारमा प्रतिस्पर्धी क्षमता बढाउन उपयुक्त तथा स्थिर आर्थिक, मौद्रिक, राजस्व, बैंकिङ्ग, औद्योगिक सुरक्षा र श्रमनीति अपनाउने । विदेशी मुद्रामा लगानी गर्नेले विदेशी मुद्रामा आफ्नो मुनाफा वा पूँजी फिर्ता लान पाउने, नेपाली कम्पनीले विदेशमा पनि लगानी गर्न पाउने, विदेशी मुद्रासँगको विनिमय दरलाई अझ बजारमुखी बनाउदै लैजाने, धितोपत्र बजारको तीब्रतर विकास र आधुनिकीकरण गर्दै जाने, राजस्व दरलाई प्रतिस्पर्धी र अनुमान योग्य बनाउदै जाने, उदार अर्थव्यवस्था, बजारमा आधारित मूल्य व्यवस्था र लचिलो श्रमनीतिको प्रत्याभूति दिनेगरी हाम्रा नीतिहरूलाई स्थायित्व प्रदान गर्ने । साथै सीमित व्यक्तिले मात्र बजार अर्थ व्यवस्थाको अनुचित लाभ नउठाउन् र आम उपभोक्ता तथा सेवाग्राहीले प्रभावकारी संरक्षण पाउन सकुन् भन्ने हेतुले उपयुक्त नियमन व्यवस्था, कानूनी संरचना (जस्तैः प्रभावकारी प्रतिस्पर्धा कानून, उपभोक्ता हित सम्बन्धी कानून, वित्तीय स्वच्छता सम्वन्धी कानून, श्रमको सम्मान र सुरक्षा हुने

कानून, मौद्रिक विचलन नियन्त्रण गर्ने कानून एवं राजस्व वा बैंकिङ्ग चुहावट जालसाजी नियन्त्रण गर्ने कानून) र नियन्त्रणात्मक संयन्त्रहरूको निर्माण गर्ने । नेपाल सदस्य रहेको WTO र अन्य अन्तर्राष्ट्रिय संस्थाहरू प्रति हालसम्म देखाएको प्रतिवद्धता को सम्मान गर्ने ।

- भ्रष्टाचार नियन्त्रणकोलागि प्रभावकारी उपायहरू अपनाउने । अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र, सार्वजनिक खरीद अनुगमन कार्यालय लगायत भ्रष्टाचार नियन्त्रण र सदाचार पद्धतिको विकाससँग सम्बद्ध निकायहरूको सवलीकरणमा जोड दिने । राजनीतिक दलहरूले आन्तरिक पारदर्शिता, लेखापरीक्षण र चुनाव खर्चको व्यवस्थापन बारे वहस गरी एउटा प्रभावकारी आचार संहिता तर्जुमा गरी कार्यान्वयन गर्नमा जोड दिने । भ्रष्टाचार नियन्त्रणलाई जनचासोको विषय वनाई आम जनमानसमा सदाचार पद्धतिलाई संस्कृतिको रुपमा स्थापित गराउन प्रयास गर्ने । भ्रष्टाचारीलाई कडा कारवाही गरी दण्डित गरिएका उदाहरणहरू प्रस्तुत गर्ने ।
- स्वास्थ्य, शिक्षा जस्तो सामाजिक विकासको क्षेत्रमा लगानी बढाउदै लाने । आधारभूत स्वास्थ्य र खोप सेवा, स्वास्थ्य जनचेतना, सरसफाई कार्यक्रम, मातृशिशु कल्याण सेवा, परिवार नियोजन, विपन्न र पिछडिएका समुदायलाई विशेष सुरक्षा जस्ता कार्यक्रममा सरकारले पुग्दो लगानी गर्ने तर आर्थिक रुपले खर्च व्यहोर्न सक्ने वर्गकालागि समुचित सेवा पुऱ्याउन निजी क्षेत्रलाई प्रोत्साहित गर्ने । निजी क्षेत्रबाट पुऱ्याइने सेवाको गुणस्तर तथा सामाजिक न्यायका दृष्टिले प्रभावकारी अनुगमन व्यवस्था मिलाउने । सबैकालागि शिक्षा, आधारभूत तथा प्राथमिक शिक्षा एवं माध्यमिक विद्यालय स्तरसम्मको शिक्षामा सरकारले लगानी बढाउदै लाने तर विद्यालयहरूको व्यवस्थापन सकेसम्म समुदायलाई सुम्पने । आर्थिक रुपले खर्च व्यहोर्न सक्ने वर्गका लागि शिक्षा वा स्वास्थ्य सेवा प्रदान गर्न निजी क्षेत्रलाई समुचित वातावरण प्रदान गर्ने । निजी क्षेत्रका विद्यालय र शिक्षकहरूको अवस्थाको प्रभावकारी अनुगमन गर्ने । उच्च शिक्षामा पिछडिएका वर्गलाई प्राथमिकताका आधारमा पहुँच बढाउन सरकारले आवश्यक लगानी गर्ने र सकारात्मक विभेदको नीति लिने ।
- समग्र अर्थतन्त्रको सन्तुलनलाई अपेक्षित संयममा राख्न जोड दिने । आन्तरिक ऋणको मात्रा वाञ्छित सीमाभन्दा बढ्न नदिने । निजी क्षेत्रको वित्तीय आवश्यकता, लगानी आवश्यकता, अन्तर्राष्ट्रिय क्षेत्र (खासगरी छिमेकी मुलुकहरू) को वित्तीय र मौद्रिक नीतिसँग सन्तुलन हुनेगरी नेपालमा, लगानी र रोजगारीलाई प्रोत्साहन गर्ने वित्तीय, मौद्रिक एवं राजस्व नीति, तीव्र आर्थिक विकासको वृद्धिदर हासिल गर्ने सरकारी खर्च ( लगानी) नीति, नेपालको समग्र विकासमा सहयोग पुग्ने वैदेशिक सहायता नीति, अति विपन्न समूहलाई लक्षित कार्यक्रमद्वारा सुरक्षा प्रदान गर्दै बजार व्यवस्थामा आधारित मुल्य नीति, नीजि क्षेत्रले बढी प्रभावकारी ढंगले संचालन गर्न सक्ने (Value for Money) सरकारी संस्थानहरू क्रमबद्ध रुपले पारदर्शी तथा प्रतिस्पर्धी तरिकाद्वारा निजी क्षेत्रलाई सुम्पदै जाने र आफैले चलाउने संस्थानहरूमा पनि अहस्तक्षेपकारी नीति अवलम्वन गरी व्यावसायिक स्वायत्तता प्रदान गर्ने सरकारी संस्थान नीति, सरकारी बजेटबाट खर्च हुने कार्यक्रममा मितव्ययीता, सार्वजनिक जवाफदेहिता, सार्वजनिक लेखापरीक्षण, स्थानीय निकाय/समुदाय/उपभोक्ता समूहद्वारा कार्यान्वयन एवं सरकार आफैले संचालन गर्दा खर्चिलो, वोझिलो हुने वा वाञ्छित उपादेयता प्राप्त नहुने अवस्थाहरूमा नीजि क्षेत्र, सामुदायिक क्षेत्र, गैर सरकारी संस्था, सामाजिक क्षेत्रद्वारा करारमा कार्यसम्पादन गराउने बजेट कार्यान्वयन नीति अवलम्बन गर्ने ।
- राज्यको समावेशी लोकतान्त्रिक अग्रगामी, संघीय पुनर्संरचना बारे छलफल गर्दा राजनीतिक, सामाजिक, भौगोलिक र सांस्कृतिक परिवेशहरूको साथै आर्थिक रुपले स्वाबलम्वी तथा साधन श्रोतको समुचित बाँडफाँड सहितको ईकाईहरूको गठनमा ध्यान पुऱ्याउने । केन्द्रीय, प्रान्तीय, जिल्ला वा गाँउ स्तरका स्वशासनका ईकाईहरूको आर्थिक कार्यक्षेत्र, राजस्वको बाँडफाँड, केन्द्रीय वा प्रान्तीय वा स्थानीय निकायहरूको कर लगाउने क्षेत्रहरूको स्पष्ट परिभाषा एवं अनुदान वितरण नीति र आर्थिक जिम्मेवारीको विकेन्द्रीकरण बारे आवश्यक छलफल गरी राज्यको पुनर्संरचनाबारे स्पष्ट हुने ।